नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-: अभद्र व्यवहार।

मि.नं.-७०१, दायर मिति-:२०८०-०३-२२

फैसला मिति-२०८०-०५-०७

वादी

नवल किशोर प्रसाद कलवारको जाहेरीले नेपाल सरकार-------------------------------------------१

प्रतिवादी

जिल्ला पर्सा साविक बागेश्वरी तित्रौना गा.वि.स.वडा नं.१ हाल परिर्तित पर्सागढी नगरपालिका वडा नं.६ शिव टोलमा बस्ने वर्ष ६८ को साहेव यादव भन्ने साहेव राउत अहिर समेत ५ जना---------------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवादीहरुले लात,मुक्का र काठको लठ्ठी समेतले शरीरको बिभिन्न भागमा प्रहार गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने नवल किशोर प्रसाद कलवार को जाहेरी दरखास्त।

२. बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा हातपात गरी अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीहरुको बयान कागज।

३. बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा हातपात गरी अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका राधेश्याम प्रसाद यादव समेतको घटनाविवरण कागज।

४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

## ठहर-खण्ड

यसमा जाहेरवालालाई गाली गलौज , कुटपिट गरेको छैन भनी प्रतिवादीले ईन्कारी बयान गरेतापनी मिति २०८०।२।२४ गते जिल्ला पर्सा पर्सागढी न.पा. वडा नं.६ शिवटोल स्थितमा प्रतिवादीहरु योगेन्द्र प्रसाद यादव भन्ने योगेन्द्र राउत अहिर, प्रभु प्रसाद यादव, सुनिल प्रसाद यादव, सन्देश प्रसाद यादव र साहेव यादव भन्ने साहेव राउत अहिर समेतले लात, मुका र काठको लाठ्ठी समेतले जाहेरवाला नवलकिशोर प्रसाद कलवारको शरीरको बिभिन्न भागमा प्रहार गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने घटनास्थल मुचुल्का, तथा नवल किशोर प्रसाद कलवारको जाहेरी दरखास्त रहेको, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी साहेव यादव भन्ने साहेव राउत अहिरलाई जरिवाना रु ५०००।- गर्ने र कैद ४ दिन गर्ने र अर्का प्रतिवादीहरु योगेन्द्र प्रसाद यादव भन्ने योगेन्द्र राउत अहिर,प्रभु प्रसाद यादव,सुनिल प्रसाद यादव र सन्देश प्रसाद यादवलाई जरिवाना जनही ५०००।- गर्ने र मुलुकी अपराध संहिता, २०७४ को दफा १२७ बमोजिमको क्षतिपुर्तिवापत जनही रु ४५,०००।- वादीलाई भरी भराई दिनु । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी साहेव यादव भन्ने साहेव राउत अहिर लाई ठहरेको कैदको हकमा निज प्रतिवादी मिति २०८०-०३-१८ गते देखि २०८०-०३-२१ सम्म ४ दिन थुनामा बसेको देखिँदा सोही बाट कैद मिनाहा गर्नु जरिवानाको हकमा मिति २०८०-०३-२२ गते र.नं.१००४ बाट दाखिला गरेको धरौटी रकम रु ५०,०००।- बाट जरिवाना रकम रु ५,०००।- कट्टा गरि मिनाहा गर्नु र बाँकी रहेको रु ४५,००० बादीलाई भरी भराई दिनु र अर्का प्रतिवादीहरु योगेन्द्र प्रसाद यादव भन्ने योगेन्द्र राउत अहिर,प्रभु प्रसाद यादव,सुनिल प्रसाद यादव र सन्देश प्रसाद यादवलाई ठहरेको जरिवानाको हकमा मिति २०८०-०३-२४ गते र.नं.१००७,१००८,१००९,१०१० बाट दाखिला गरेको धरौटी रकम जनही रु ५०,०००।- बाट जरिवाना रकम जनही रु ५,०००।- कट्टा गरि मिनाहा गर्नु र बाँकी रहेको जनही रु ४५,००० क्षतिपुर्ति वापत बादीलाई भरी भराई दिनु ।-------------------------------------------------------------------------------------------१

२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिनु----------------------------------------------------------------------------------------------------------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------१

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल भाद्र महिना ७ गते रोज ५ शुभम् ......................